ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक १००

२९ पुस २०७९ शुक्रबार

13 Jun. 2023, friday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## मधेस प्रदेशका मुख्यमन्त्रीले आज शपथ लिने, पहिलो चरणमा चार दलबाट एक–एकजना मन्त्री



खबर दर्पण समाचारदाता

पुस २८ गते, जनकपुर

मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले आज शुक्रबार पद तथा गोपनीयताको शपथ लिँदै छन् । बुधबार मुख्यमन्त्री नियुक्त भएका यादवले शुक्रबार मधेस भवनस्थित प्रदेश प्रमुखको कार्यालयमा दिउँसो १२ बजे शपथ लिने कार्यक्रम तय भएको प्रदेश प्रमुखको सचिवालयले जनाएको छ ।

जनता समाजवादी पार्टी नेपालका संसदीय दलका नेता यादव प्रदेशसभाका १० दलमध्ये ७ दल र २ स्वतन्त्र गरी ६३ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका हुन् । मुख्यमन्त्रीसँगै सत्ता साझेदार दलहरुलाई समेटेर शुक्रबार नै सानो आकारको मन्त्रीमण्डल गठन हुने जसपाका एक सांसदले जानकारी दिए ।

पहिलो चरणमा सबै दलबाट एक/एक जनाले शपथ लिने र विश्वासको मत प्राप्त गरेपछि मन्त्रीपरिषद विस्तार हुनेसमेत बताइएको छ । शुक्रबार नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनमत पार्टी र जसपाबाट एक/एकजना मन्त्री बन्न लागेको स्रोतले जनाएको छ ।

स्रोतका अनुसार एमालेले भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, नेकपा माओवादी केन्द्रले उद्योग, पर्यटन तथा वन मन्त्रालय, जसपाले सामाजिक विकास मन्त्रालय र जनमतले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लिने सहमति भएको हो ।'शुक्रबार मुख्यमन्त्रीसहित एमाले, माओवादी केन्द्र, जनमत र जसपाका एक-एकजना मन्त्री शपथ लिनुहुन्छ,' उनले भने, 'यसपछि मन्त्रीमण्डलको विस्तार सम्भवतः विश्वासको मत लिएपछि हुन्छ होला ।'

मधेसमा नेकपा एमालेसहित जनता समाजवादी पार्टी, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल संघीय समाजवादी पार्टी र दुईजना स्वतन्त्र सांसद सत्ता साझेदार छन् । मुख्यमन्त्री यादवलाई आफ्नै दल जसपाको १६, नेकपा एमालेका २३, जनमत पार्टीका १३, नेकपा माओवादी केन्द्रका ७, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल संघीय समाजवादी पार्टीका १-१ तथा २ जना स्वतन्त्र प्रदेशसभा सदस्यसहित ६३ प्रदेश सांसदको समर्थन छ ।मधेस प्रदेशमा १० वटा मन्त्रालय छन् । प्रदेशमा जसपा र जनमत आधा कार्यकाल सत्ताको नेतृत्व गर्ने सहमति गरेको छ ।

## काँग्रेस नेता डा.चन्द्रमोहन र ईब्राहिमलाई कारबाही गर्न सिफारिस



खबर दर्पण समाचारदाता

पुस २८ गते, महेन्द्रनगर

नेपाली कांग्रेस धनुषा निर्वाचन क्षेत्र नम्बर ४को क्षेत्रीय समितिले प्रतिनिधिसभाको निर्वाचनमा पार्टीको अनुशासन विपरीत काम गरेको भन्दै डा.चन्द्रमोहन यादव र ईब्राहिम राईनलाई कारबाहीका लागि जिल्ला समितिमा सिफारिस गरेको छ ।

क्षेत्रीय सभापति कुमरकान्त झाको अध्यक्षतामा बसेको बैठकले निर्वाचनमा नेता यादव तथा राईनले नेकांका उम्मेदवार महेन्द्र यादव विरुद्ध लागेको भन्दै कारबाहीका लागि सिफारिस गरेको जनाइएको छ ।

नेता यादव र राईनले नेकपा एमालेका उम्मेदवार रघुवीर महासेठसंग रकम लिइ महेन्द्र यादवलाई पराजित गर्न चलखेल गरेको क्षेत्रीय समितिको ठहर छ ।

'चन्द्रमोहन र ईब्राहिम महेन्द्रको विपक्षमा नगएको भए उनी जित्ने निश्चित थियो',सभापति झाले भने ।यीनीहरुले महासेठको पैसा खाएर मतदाता भड्काउने काम गरेकोले नेकांको उम्मेदवार यादव पराजित भएको झाले दाबी गरेका छन् ।

## मधेशमा अर्थ र भौतिक पूर्वाधार सहित ३ मन्त्रालयमा एमालेको दाबी

खबर दर्पण समाचारदाता

पुस २८ गते, जनकपुर

नेकपा एमाले पहिलो पटक मधेश प्रदेशको सरकारमा सहभागी हुँदैछ । मधेश प्रदेश सभाको ठूलो दल एमालेले ३ वटा मन्त्रालयमा दाबी गरेको छ ।

अर्थ मन्त्रालय, भौतिक पूर्वाधार र सामाजिक विकास मन्त्रालयको दाबी गरिरहेको सांसद शारदा देवी थापाले बताइन् । प्रदेशमा १० वटा मन्त्रालय छन् ।

सत्तारुढ दलहरुको भागवण्डामा एमालेले मधेशको सभामुख पद पनि पाएको छ । २०७४ सालको निर्वाचनपछि गठन भएको प्रदेशसभामा एमाले पाँचै वर्ष सर कारबाहिर रहेको थियो । यसपटक २३ सिटसहित पहिलो शक्ति बनेको एमालेले १६ सिटको जसपालाई मुख्यमन्त्रीमा समर्थन गरेको छ । ६३ सांसदको समर्थनमा बुधबार



जसपा संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्रीमा नियुक्त भएका छन् ।

उनलाई आफ्नै दल जसपाको १६, नेकपा एमालेका २३, जनमत पार्टीका १३, नेकपा माओवादी केन्द्रका ९, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल संघीय समाजवादी पार्टीका १-१ तथा स्वतन्त्र प्रदेशसभा सदस्यहरुसहित ६३ प्रदेश सांसदको समर्थन छ ।केन्द्रीय सत्ता समीकरण अनुसार यो प्रदेशमा जसपा र जनमत आधा कार्यकाल सत्ताको नेतृत्व गर्ने सहमति छ ।

## कोइला बालेर कोठामा सुतेका २ मजदुरको निसासिएर मृत्यु

खबर दर्पण समाचारदाता

पुस २८ गते, विरगंज

पर्सामा कोइला बालेर सुतेका दुई मजदुरको निसासिएर मृत्यु भएको छ।

वीरगन्ज महानगरपालिका-२२ जगरथानपुरस्थित त्रिपति ट्रेडिङ एन्ड सप्लायर्समा कार्यरत दुई मजदुरको निसासिएर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

मृत्यु हुने दुवै भारतीय नागरिक हुन्। भारत विहारको मोतिहारी घर भएका २९ वर्षीय पवित्र गिरी र ३० वर्षीय मिथिलेश यादवको निसासिएर मृत्यु भएको हो।

कोइला डिपोको एकतले पक्की भवनको कोठामा झ्याल-ढोका बन्द गरी सुतेका उनीहरु बुधबार बिहान मृत फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए।

बिहान १० बजेसम्म उनीहरु



नउठेपछि ढोका फोडेर हेर्दा मृत फेला परेका गिरीले बताए।

कोइला बालेर झ्याल ढोका बन्द गरी सुत्दा अक्सिजन कम भइ उनीहरुको मृत्यु भएको नारायणी अस्पतालका चिकित्सकले बताएका छन्।

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं । दुर्घटनाबाट आफू पनि बचौं अरुलाई पनि बचाऔ ।**


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औं घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ाँदीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्षमययच को व्यवस्था ।

## सम्पादकीय

# प्रशासनिक ढाँचा परिवर्तन हुनुपर्दछ

पुरानो सङ्गठन संरचना, परम्परागत कार्यपद्धति, सङ्कुचित कार्य संस्कार, भ्रष्टाचारजन्य प्रवृत्तिले सार्वजनिक सेवालाई विश्वसनीय गराउन नसकिने तथ्य यथार्थ हो। प्रशासनिक संरचनाको पुरानो ढाँचा, प्रक्रियामुखी कार्यपद्धति र जिम्मेवारप्रति संवेदनशील नहुने कर्मचारीको प्रवृत्तिका कारण कर्मचारतिन्त्र सेवाग्राहीको निरन्तर गुनासाबाट मुक्त हुन सकेको छैन। सङ्गठनको कार्य जिम्मेवार एवं बढ्दो भारका तुलनामा सङ्गठन संरचनालाई सुधार गर्न सकिएको छैन। सेवाग्राहीलाई सेवा प्राप्त गर्न सघाउ पुर्‍याउने उद्देश्यले हरेक कार्यालयमा अनिवार्य रूपमा सबैले बुझ्न र देख्न सकिने गरी नागरिक बडापत्र राख्ने व्यवस्था गरिएको छ। नागरिक बडापत्रको अनुसरण गर्न-गराउन सेवाग्राही र सेवाप्रदायक दुवै संवेदनशील हुन सकेका छैनन्। यसबाट कार्यालयमा बिचौलियाको अनावश्यक उपस्थिति बढी घुस लेनदेनलाई सघाउ पुगेको छ। सार्वजनिक निकायमा भ्रष्टाचारजन्य कार्य गर्न-गराउन बिचौलिया सहज रूपमा मध्यस्थकर्ताको भूमिकामा रहेका छन्। सेवा केन्द्रमा बिचौलियाको संलग्नताले सेवाग्राहीलाई कर्मचारीको सम्पर्कमा पुग्नै नदिने, कार्यालयका बारेमा गतल सूचना दिई भ्रम सिर्जना गर्ने, सेवाका लागि तोकिएका कार्यालयका फाराम, निवेदनलगायतका कागजात आफूमार्फत तयार गर्न सेवाग्राहीलाई बाध्य गराउने, अनधिकृत रूपमा कार्यालयका महत्वपूर्ण कागजातमा पहुँच राख्ने, कर्मचारीका नाममा अनियमित रकम सङ्कलन गर्नेजस्ता प्रवृत्ति बढेको छ। सार्वजनिक निकायको कार्य प्रक्रियामा देखिएका यस्ता गलत प्रवृत्तिबाट घुस लिनेदिने कार्र्य क्रमशः संस्थागत हुँदै मिलेमतोका आधारमा सार्वजनिक सम्पत्ति व्यक्तिगत गर्ने-गराउने संस्कार विकास हुँदै गएको छ। यसमा मूलतः राजनीतिक नेतृत्व, कर्मचारीतन्त्रका साथै स्थानीय सरोकारवाला निकायसमेतको प्रत्यक्ष/अप्रत्यक्ष सहकार्य हुने गरको गुनासो रहेको छ। सार्वजनिक निकायको कार्य प्रक्रियालाई छिटोछरितो र नतिजामुखी गराउन सकिएको छैन। फलस्वरूप मुलुकमा सुशासन कायम गराउने सरकारको अभियान अपेक्षित रूपमा नतिजामुखी हुन सकेको छैन। सहरी क्षेत्रमा एउटै सेवाकेन्द्रमा धेरै सेवाग्राही हुँदा पर्याप्त सेवा प्रवाह हुन नसकेको, दुर्गम क्षेत्रमा सेवा केन्द्र नजिक नहुँदा लामो दूरी पार गरेर आउनुपर्ने अवस्था रहेको, सहजै बुझ्न नसकिने र झन्झटिला निवेदन एवं फाराम अनुसरण गर्नुपर्ने र तोकआदेश भएपछि मात्र प्रक्रिया अगाडि बढाउने कार्य संस्कार कायमै रहेको छ।

# सन्दीप लामिछानेलाई रिहा गर्न अदालतको आदेश



**खबर दर्पण समाचारदाता**

**पुस २८ गते, काठमाडौं**

बलात्कारको आरोपमा थुनामा रहेका क्रिकेटर सन्दीप लामिछानेलाई रिहा गर्न उच्च अदालत पाटनले आदेश दिएको छ।

काठमाडौं जिल्ला अदालतको थुनछेक आदेशविरूद्ध दायर पुनरावलोकनको निवेदनमाथि सुनुवाइ गर्दै उच्च अदालत पाटनले २० लाख धरौटीमा रिहा गर्न आदेश दिएको हो।

न्यायाधीश ध्रुवराज नन्द र रमेश ढकालको संयुक्त इजलासले लामिछानेलाई थुनामुक्त गरेर मुद्दाको टुंगो लगाउन आदेश दिएको हो।

नाबालिग किशोरीमाथि जबजरस्ती करणी गरेको अभियोगमा पुर्पक्षका लागि थुनामा पठाउने काठमाडौं जिल्ला अदालतको थुनछेक आदेशविरूद्ध उनले उच्च अदालत पाटनमा पुनरावलोकन निवेदन दिएका थिए।

भदौ ५ गते राति १२ बजेर ५५ मिनेटमा काठमाडौंको पिङ्गला स्थानस्थित एक होटलमा लामिछानेले आफ्नो बलात्कार गरेको भन्दै प्रहरीवृत्त गौशालामा जाहेरी परेको थियो।

क्यारेबियन क्रिकेट लिग खेल्न जमाइकामा रहेका लामिछाने २० असोजमा स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परेका थिए।

१८ कात्तिकमा काठमाडौं जिल्ला अदालतका न्यायाधीश माधव घिमिरेको इजलासले उनलाई पुर्पक्षका लागि जेल चलानको आदेश दिएको थियो।

## बिनाअनुमति विदेश जान नपाउने

उच्च अदालत पाटनले सन्दीप लामिछानेलाई २० लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको छ।

बिहीबार उच्च अदालतका न्यायाधीश ध्रुवराज भट्टराई र रमेश ढकालको इजलासले जिल्ला अदालतको आदेश बदर गर्दै लामिछानेलाई धरौटीमा रिहा गर्न आदेश दिएको हो।

धरौटीमा रिहा भएपनि लामिछानेलाई विभिन्न शर्त राखिएको छ। यस्तै लामिछाने अनुमतिबिना विदेश जान नपाउने भएका छन्। अन्य शर्तसहित २० पेज लामो आदेश उच्च अदालतले गरेको छ।

## सन्दीपले नगदै धरौटी राख्नुपर्ने, आज मात्रै छुट्ने

क्रिकेटर सन्दीप लामिछाने भोलि मात्रै जेलबाट छुट्ने भएका छन्।

उच्च अदालत पाटनले लामिछानेलाई बिहीबार २० लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको छ।

तर, उनले आज नगद धरौटी बुझाउन नसक्दा भोलि मात्रै रिहा हुने भएका हुन्।

अदालतले जायजेथा वा बैंक ग्यारेन्टीलाई मान्यता नदिने भएको छ।

बिहीबार उच्च अदालतका न्यायाधीश ध्रुवराज भट्टराई र रमेश ढकालको इजलासले जिल्ला अदालतको आदेश बदर गर्दै लामिछानेलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो।

रिहा भएपछि लामिछाने अनुमतिबिना विदेश जान नपाउने भएका छन्।


बालबालिकाहरूलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

मठिहानी नगरपालिका कार्यालय
महोत्तरी

बालबालिकाहरूलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

औरही नगरपालिका कार्यालय
महोत्तरी


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेसका अस्थायी शिक्षकद्वारा 'गोल्डेन ह्यान्डसेक' बापतको सुविधा लिन अस्विकार



**दिपक कर्ण**

**पुस २८ गते, जनकपुर**

मधेस प्रदेशका अस्थायी शिक्षकहरूले 'गोल्डेन ह्यान्डसेक' बापतको सुविधा लिन अस्विकार गरेका छन् । बिहीबार जनकपुर धाममा बसेको अस्थायी शिक्षक आन्दोलन परिचालन समिति मधेस प्रदेशको बैठकले यस्तो निर्णय गरेको हो ।

सरकारले यसअघि सेवा सुविधा लिन छुटेका अस्थायी शिक्षकलाई गोल्डेन ह्यान्डसेक बापतको सुविधा दिन प्रक्रिया अघि बढाएपनि आन्दोलन परिचालन समितिको बैठकले सुविधा लिन अस्विकार गर्ने निर्णय गरिएको विस्थापित अस्थायी शिक्षक आन्दोलन परिचालन समिति मधेस प्रदेशका अध्यक्ष धर्मेन्द्र यादवले जानकारी दिए ।

अध्यक्ष यादवले आफूहरूलाई पुर्नबहालीको माग गर्दै आगामी माघ २ गते प्रदेशका मुख्यमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाउने निर्णय समेत गरिएको बताए । गोल्डेन ह्यान्डसेक बापतको सुविधा लिन छुटेका अस्थायी शिक्षकहरूका लागि शिक्षा मन्त्रालयले पुस १३ गतेदेखि एक महिनाको समय दिएको थियो । तर, तत्कालिन शेरबहादुर देउवा नेतृत्वको सरकारले असोज ९ गतेको मन्त्रीस्तरिय निर्णयबाट गोल्डेन ह्यान्डसेक बापतको सुविधा लिन आह्वान गरेको थियो ।

अध्यक्ष यादवले शिक्षक किताब खानाले गर्नुपर्ने काम मन्त्रालयले गरेकोमा यसमा राजनीतिक खेल हुनसक्ने आशंकासमेत व्यक्त गरेका छन् । २०७४ सालमा लिएको अस्थायी शिक्षकको आन्तरिक प्रतिस्पर्धाबाट असफल भएका र प्रतिस्पर्धामै भाग नलिएका शिक्षकलाई सरकारले गोल्डेन ह्यान्डसेक बापतको सुविधा उपलब्ध गराएको थियो । प्रावि, निमावि र माविका गरी १० हजार ३३० शिक्षकलाई ७ अर्व ४४ करोड रुपैयाँ बराबरको विशेष सेवा सुविधा उपलब्ध गराइएको थियो । यता, देशभरिमा करिब ५ सय भन्दा अस्थायी शिक्षकहरू सो सुविधाबाट वञ्चित रहेका मध्ये ९० प्रतिशत मधेस प्रदेशका रहेको भन्दै शिक्षक किताब खानाले तिनीहरूका लागि प्रक्रिया अघि बढाएको बताइएको छ ।

२०७३ असार सम्म ५ देखि १० वर्ष काम गरेका शिक्षकलाई वर्षको आधा महिना, १० देखि १५ वर्ष सेवा गरेकालाई १ महिना र १५ देखि २० वर्ष काम गरेकालाई डेढ महिनाको हिसाबले सुविधा उपलब्ध गराउने निर्णय गरेको थियो । यो हिसाबले न्यूनतम ३ लाखदेखि १३ लाख रुपैयाँसम्म सेवा सुविधा पाउने शिक्षकहरू रहेका छन् । सोही अनुसार त्यस्ता अस्थायी शिक्षकलाई गोल्डेन ह्यान्डसेक बापतको सुविधा उपलब्ध गराउन सरकारले करिब ३० करोड रुपैयाँ विनियोजन गरेको छ ।

# मिडिया काउन्सिलको बुलेटिन सार्वजनिक




**खबर दर्पण समाचारदाता**

**पुस २८ गते, जनकपुर**

मिडिया काउन्सिल मधेश प्रदेशले बिहीबार आफ्नो वार्षिक बुलेटिन सार्वजनिक गरेको छ । मधेश प्रदेशको राजधानी जनकपुरधाममा आज आयोजित एक कार्यक्रमबीच मधेश प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साह सहितले सो बुलेटिन सार्वजनिक गर्नुभएको हो ।

बुलेटिनमा सञ्चार क्षेत्र र सञ्चार कर्मीको विभिन्न पक्षबारेमा पत्रकार द्वारा लेखिएको लेखहरू समावेश गरिएको छ । ११२ पृष्ठ रहेको सो वार्षिक बुलेटिनमा समयक्रमअनुसार सञ्चार जगतले भोगेको समस्या र चुनौतीका बारेमा विषय समेटिएका छन् ।

मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री साहले मिडिया काउन्सिलले वार्षिक बुलेटिनमा समेटेका विषयलाई अझै व्यापक बनाउनु पर्ने धारणा राख्नुभयो । पत्रकार हकहितको सवालमा प्रदेश सरकार प्रतिबद्ध रहेको र पत्रकारसँगकै छलफलमा सञ्चार ऐन ल्याएको बताउनुभयो ।

सञ्चार ऐनले सञ्चार क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्न मद्दत पुगेको बताउनुभयो । उहाँले देशमा सङ्घीयता आए पनि अझै अधिकार प्राप्त हुन नसकेको र अधिकार प्राप्तिका लागि अदालत धाउनु परेको बताउनुभयो । प्रहरी र कर्मचारी समायोजन भएमा धेरै समस्याहरू समाधान हुने उहाँको भनाइ छ ।

मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दासको अध्यक्षतामा भएको कार्यक्रममा मधेश प्रदेश सरकारका गृह तथा सञ्चार मन्त्रालयका सचिव रामकुमार महतो, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य रिंकु मिश्र, मधेश प्रदेशका अध्यक्ष राजेश कर्ण, वरिष्ठ पत्रकार रामभरोश कापडी, रामभरत साह, रमेशरञ्जन झा, रोशन जनकपुरी सहितकाले पत्रकारिता क्षेत्रमा देखिएका चुनौती र त्यसको समाधानका लागि काउन्सिलले निर्वाह गर्नुपर्ने सुझाव दिनुभएको थियो ।

# बर्दिबासका विपन्नलाई न्यानो कपडा वितरण

**खबर दर्पण समाचारदाता**

**पुस २८ गते, बर्दिवास**

सवैको लागी हामी भन्ने अभियानवाट प्रभावित भएर युवाहरुले न्यानो कपडा वितरणलाइ तिव्रता दिएका छन ।

महोत्तरीमा रहेका विपन्नहरुलाइ पहिचान गरी जिल्ला बाहिर बस्ने युवाहरुले समेत पैसा संकलन गरि न्यानो कपडा वितरण गरेका हुन ।

विशेषगरी बर्दिबास नगरक्षेत्रमा वस्ने विपन्नहरुलाइ युवाहरुले पैसा संकलन गरि ६० हजार बराबरको न्यानो कपडा वितरण गरेका छन ।

बर्दिबास बस्ने युवा संजोग फुयाल( सरोकार)ले काठमाण्डौ स्थित युनिक नेपाल एकेडेमीका भुपु विद्यार्थीसगँ पैसा संकलन गरेर ज्याकेट, ट्राउजर, स्विटर तथा ओढने कपडाहरु वितरण गरेका हुन ।



स्थानिय सरकारले समेत सितलहर वाट प्रभावित स्थानियहरुलाइ चासो नदेखाइरहेको अवस्थामा फुयालको नेतृत्वमा वितरण गरिएको न्यानो कपडाले निक्कै प्रशंसा बटुलेको छ ।

बर्दिबास स्थित नमुना मुसहर बस्तिमा बसोबास गर्ने विपन्नहरुलाइ न्यानो वितरण गर्न सहयोग गर्ने विद्यालयका प्रधानध्यापक सुमन बस्नेत र भुपु विद्यार्थीहरु निर्मल योङजन र सुरज दाहालले हौस्याएको अभियन्ता फुयालले वताए ।

बर्दिबास नगरपालिकाको मुसहर बस्तिमा नै वितरण गर्नुपर्छ भन्दै प्रेरित गर्ने खिलराज भट्टराई, मुकेश हमाल, रविन्द्र थापा, मुकेश चौधरी लगायतका युवाहरुलाइ मातृभुमी ट्राभल्स एण्ड टुर्सका संचालक समेत रहेका फुयालले समेत धन्यवाद दिए ।

## शितलहरबाट बचौ र बचाऔ

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

- समयमै न्यानो कपडाको जोहो गरौ ।
- चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नविताऔ ।
- घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
- घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
- चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
- छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
- चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने वानीको विकास गरौ ।
- तातो पानी पिईरहौ ।

**मठिहानी नगरपालिका, महोत्तरी**

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२० प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

**रूफटप होटल एण्ड गेष्ट हाउस**

मिटिङ्ग हल, पार्टी पैलेश

गौशाला नगरपालिका- २, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

# छात्रा मृत्यु प्रकरण:पीडित परिवारलाई पैसा लिएर मिल्न धम्की

**खबर दर्पण समाचारदाता**

**पुस २८ गते, सिरहा**

मिर्चैयास्थित सगरमाथा उमाविमा अध्ययन गरिरहेकी सिरहा नगर पालिका ११ भलुवाहीकी १५ वर्षीया छात्रा सिर्जना कुमारी महराको गत २३ गते साँझ विद्यालयको लापर वाहीका कारण मृत्यु भयो । गत २२ गते विद्यालयमा उनले औषधी खान पानी मागेपछि शिक्षिकाले झुक्किएर उनलाई स्पिरिट दिएकी थिइन् । लगत्तै उनी झन् अस्वस्थ भइन् ।

स्पिरिट खाएर बेहोस जस्तो भएकी उनलाई विद्यालयले अस्पताल नपुर्याएर घर पुर्याएको थियो । घर मा विस्तारै उनी केहि बुझ्नै नसक्ने गरी बेहोस भएपछि परिवारजनले उनलाई अस्पताल लग्यो । अस्पतालमा उपचारकै क्रममा सिर्जना दम तोडिन् । विद्यालयको चरम लापरवाहीका कारण ज्यान गुमाएकी सिर्जनाको न्यायको लागि मिर्चैयामा आइतबार दिनभर आन्दोलन भयो ।



प्रहरीले विद्यालय सञ्चालक प्रदीप तिवारी, स्पिरिट दिएकी भनिएकी शिक्षिका अम्बिका लम्सालसहित पाँच जनामाथि मुदा चलाएपछि मात्रै आन्दोलन साम्य भयो । प्रहरीले उनीहरुमाथि ज्यान मार्ने कसुरमा मुदा चलाएको छ । जसमध्ये सञ्चालक तिवारी र शिक्षिका लम्साललाई प्रहरीले हिरासतमा राखेर अनुसन्धान गरि रहेको छ ।

तर, प्रहरीले मुदा चलाएपनि मृतक परिवार भने न्याय नपाउने हो कि भन्ने त्रासमा छन् । कारण हो - मृतक परिवारमाथि विभिन्न तवर बाट बनाइएको दवाव । विद्यालयको तर्फबाट विभिन्न व्यक्ति मृतकको घरमा पुगिरहेका छन् । सोमबार विहानै मिर्चैया नगरपालिकाका नगर प्रमुख श्रवण यादव मृतकको घर पुगे । यस्तै अन्य मान्छेहरु पनि निरन्तर उनको घर पुग्ने क्रम जारी छ ।

उनीहरुले पैसा लिएर मिलिहाल्न दवाव मृतक परिवारलाई दिइरहेका छन् । 'पैसा लिएर केस सेटल गर्न हामीलाई दवाव आइरहेको छ,' मृतकका बुवा धर्मेन्द्र महराले भने, 'तर, हामीलाई न्याय चाहिएको छ ।' यस्तो शोकको बेला दवाव दिन घरमा नआउन भन्दा मेयरले धम्की दिएको मृतकका मामा रंजित महराको आरोप छ । 'अहिले घरमा सबै चिन्तामा छन्, तपाईहरु घरमा आएर दवाव जसरी दिएर झन् पीडा दिने काम नगर्नुस् भनेर मेयरलाई भन्दा उहाँले तिमी जस्तो ५० वटा गुण्डा मैले पालेको छु, कपाल नोचिहाल्छु भनेर धम्की दिनुभयो,' उनले भने ।

जनप्रतिनिधिले यस्तो बेला झन् पीडितको न्यायका लागि लडिदिनुपर्नेमा मानसिक यातना दिने काम गरेको स्थानीयको गुनासो छ । उनीहरुले सरकारसँग मृतक परिवारलाई सुरक्षा दिन र मृतकलाई न्याय दिन अपिलसमेत गरेका छन् ।

यता मेयर यादवले आफूले मिल्न पीडित परिवारलाई धम्की दिएको आरोप झुटो रहेको दावी गरे । 'ममाथि लगाइएको आरोप अनावश्यक हो । यसमा कुनै सत्यता छैन' उनले टुडेपाटीसंग भने ।

# अख्तियारका पूर्वआयुक्त पाठक भ्रष्टाचारी ठहर, तीन वर्ष कैद सजाय

**खबर दर्पण समाचारदाता**

**पुस २८ गते, काठमाडौं**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त राजनारायण पाठकलाई तीन वर्ष कैद सजाय भएको छ।

विशेष अदालत काठमाडौंले पाठकलाई तीन वर्ष कैद सजाय र जरिवाना तोकेको छ।

पाठकलाई तीन वर्ष कैद र ३९ लाख जरिवाना भराउने फैसला भएको विशेष स्रोतले जनाएको छ।

यस्तै अर्का प्रतिवादी लम्बोदर न्यौपानेलाई त्यतिकै सजाय र ३९ लाख जरिवाना भराउने फैसला विशेषले सुनाएको छ।

विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यद्वय यमुना भट्टराई र बलभद्र बाँस्तोलाको इजलासले बिहीबार यस्तो फैसला गरेको हो।तत्कालीन आयुक्त पाठक र नेपाल इन्जिनियरिङ कलेजका सञ्चालक न्यौपानेविरूद्ध अख्तियारले २०७५ चैत १२ गते



मुद्दा दायर गरेको थियो।

कलेजको स्वामित्व विवादमा परेको उजुरी मलाइ दिने भनी ७८ लाख रूपैयाँ घुस लिएको अभियोग पाठकमाथि लगाइएको थियो।

## शितलहरबाट बचौ र बचाऔ

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

- समयमै न्यानो कपडाको जोहो गरौ ।
- चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नबिताऔ ।
- घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
- घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
- चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
- छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
- चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने बानीको विकास गरौ ।
- तातो पानी पिईरहौ ।

सोनमा गाउपालिकाको कार्यालय

सोनमा,महोत्तरी

## शितलहरबाट बचौ र बचाऔ

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

- समयमै न्यानो कपडाको जोहो गरौ ।
- चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नबिताऔ ।
- घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
- घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
- चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
- छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
- चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने बानीको विकास गरौ ।
- तातो पानी पिईरहौ ।

औरही नगरपालिका, महोत्तरी

## शितलहरबाट बचौ र बचाऔ

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

- समयमै न्यानो कपडाको जोहो गरौ ।
- चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नबिताऔ ।
- घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
- घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
- चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
- छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
- चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने बानीको विकास गरौ ।
- तातो पानी पिईरहौ ।

जनकपुरधाम उपमहानगरपालिका, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कम्प्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा